खडक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

स्थानीय राजपत्र

खडक नगरपालिकाद्धारा प्रकाशित

खण्डः ८ संख्याः ५ मितिः २०८१/०४/२१

CamScanner

शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र खानेपानी
सुशासित, सुन्दर, समृद्ध खडक बनाउछौँ हामी

खडक नगरपालिका
बालश्रम मुक्त घोषणा कार्य संचालन
कार्यविधि - २०८१

खडक नगरपालिका, सप्तरी
मधेश प्रदेश, नेपाल

CamScanner

प्रस्तावना : भनिन्छ बालबालिका देशका कर्णधार हुन् । बालबालिका भनेको परिवार, समाज एवं देशका धरोहर हुन् । देश विकासको अति आवश्यक तत्व हुन यद्यपि देशका कर्णधार बालश्रमको रुपमा जीवनयापन गर्न बाध्य भएका छन् । नेपालको संविधानको धारा ३९ (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै प्रकारका अन्य जोखिमपुर्ण काममा लगाउन नपाउने व्यवस्था गरेको छ । यसैगरी संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वांगिण विकासका साथै प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक प्रत्याभूत गरेको छ । प्रत्येक बालबालिकालाई बाल अनुकुल न्याय तथा जोखिममा रहेको बालबालिकालाई राज्य बाट विशेष संरक्षण र सुविधा पाउने गरी बालबालिकाको सवैधानिक हकको व्यवस्था समेत गरेको छ । बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा १८ बर्ष पुरा नगरेका बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन नपाउने व्यवस्था गरेको छ । श्रम ऐन, २०७४ को दफा ५ मा कसैले पनि बालबालिकालाई कानुन विपरित हुने गरी काममा लगाउन नपाउने व्यवस्था गरेको छ । यसै गरी बालश्रम निवारण सम्वन्धि राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) ले वि.सं. २०७९ सम्ममा निकृष्ट तथा शोषणयूक्त बालश्रम तथा वि.सं. २०८२ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने उदेश्य राखेको छ ।

नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरुको कार्यान्वय गर्न तथा बालबालिकाको बचावट, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताको साथै बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सम्वर्धन निर्माण गर्न बाञ्छनीय भएकोल, नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

नगरपालिकालाई सभ्य, शिक्षित, विकासिल बनाउन, नेपालले बालअधिकार सम्वन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धताको कार्यान्वयनका लागि यस खडक नगरपालिकामा बालश्रम अन्त्यका लागि बालश्रम मुक्त गर्न बाञ्छनीय भएकोले खडक नगरपालिका बालश्रम मुक्त घोषण सम्वन्धी कार्यविधि २०८१ पारित गरिएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. **संक्षिप्त नाम र परिभाषा** : (१) यस कार्य सञ्चालन कार्यविधि नाम **"खडक नगरपालिकाको बालश्रम विरुद्ध कार्य सञ्चालन कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि खडक नगरपालिकाको कार्यपालिकाबाट अनुमोदन भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाष** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "नगरपालिका" भन्नाले खडक नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले खडक नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले खडक नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खडक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

CamScanner

(ङ) "बालश्रम" भन्नाले कानुनले तोकेको उमेर नपुगेका कुनै पनि बालबालिकालाई शारीरिक वा मानसिक रुपमा क्षति पुग्ने गरी बाध्यात्मक श्रममा लगाउनु तथा यौन शोषणलाई बालश्रम सम्झनु पर्दछ ।

(च) "बालबालिका" भन्नाले १८ वर्ष उमेर नपुगेका केटा, केटी वा यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई जनाउने छ ।

(छ) "बालमैत्री सम्पर्क व्यक्ति" भन्नाले खडक नगरपालिकाले बालबालिकाको क्षेत्रमा काम गर्न जिम्मेवारी तोकिएको कर्मचारीलाई जनाउनेछ ।

(ज) "संरक्षक" भन्नाले आमाबुवा, एकघरमा बसोवास गर्ने बाजे बज्ये (माइती घरका समेत) काकाकाकी, दाजु भाउजु (माइती घरका मामा मामि) लगायत संरक्षक गर्ने व्यक्तिलाई जनाउदछ ।

परिच्छेद - २

उदेश्य र लक्षित समुह

३. **उदेश्य :** खडक नगरपालिकालाई बालश्रम मुक्त घोषणा गर्न यस कार्यविधिले मार्ग प्रशस्त गर्नमा सहयोग पुयाउनेछ ।

४. **लक्षित समुह :** बालश्रम (निषेध तथा नियम गर्ने) ऐन, २०५६ तथा बालश्रम निवारण सम्बन्धि राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) अनुसार देहाय बमोजिमको क्षेत्रमा संलग्न बालबालिकालाई यस कार्यविधिले लक्षित गरेको छ ।

(क) घरेलु बालश्रम,
(ख) बालभरिया,
(ग) कृषी तथा पशुपालन बालश्रम,
(घ) लागु पदार्थ संकलन, बेचबिखन तथा ओसारपसारमा संलग्न बालश्रम,
(ङ) सिलाई बुनाई बालश्रम,
(च) ईट्टा उधोगको बालश्रम,
(छ) खानी क्षेत्रका बालश्रम,
(ज) मनोरञ्जन क्षेत्रका बालश्रम (यौन शोषण समेत),
(झ) यातायात क्षेत्रका बालश्रम,
(ञ) जरी तथा बुट्टा भराइमा संलग्न बालश्रम,
(ट) छिमेकी देशमा पुर्याइएका बालश्रम,
(ठ) यान्त्रिक वा रसायन क्षेत्रमा काम गर्ने बालश्रम,
(ड) सडक व्यापारमा संलग्न बालश्रम,
(ढ) जडिबुटि संकलनमा संलग्न बालश्रम,
(ण) भौतिक पुर्वाधार क्षेत्रको बालश्रम,
(त) होटेल रेष्टुरोटका बालश्रम,
(थ) नगरपालिका तथा स्थानीय बालअधिकार समितिले तोकेको अन्य,

CamScanner

परिच्छेद - ३

बालश्रम मुक्त घोषणाका सुचकहरु

५. **सुचकहरु :** बालश्रम मुक्त खडक नगरपालिका घोषणाका लागि देहाय बमोजिमका सुचकहरु न्यूनतम मापदण्डको रुपमा रहनेछ ।

(१) अध्यावधिक तथ्यांक र अभिलेखिकरण :

क) खडक नगरपालिकामा जन्मिएका बालबालिकाको जन्मदर्ता विवरण,

ख) अनुसूचि १ बमोजिम सर्वेक्षण गरेको हुनु पर्ने,

ग) नगरपालिकामा रहेका बालश्रमसँग सम्बन्धित विभिन्न सरोकारवालाहरु (स्थानीय प्रहरी प्रशासन, विद्यालय, विज्ञ, बालश्रम विरुद्ध काम गर्ने गैर सरकारी संस्था, बाल समुह/बाल क्लब/संजालको, हेल्पलाईन वा हटलाईन सुचिकरण एवं नक्साँकन गरेका,

घ) बालश्रम हुन सक्ने सम्भावित क्षेत्रहरु वाट बालश्रम प्रयोग नगर्ने प्रतिवद्धता पत्र ।

(२) खडक नगरपालिकामा बालश्रम निवारणका लागि छुट्टै नीति वा अन्य कुनै नीतिमा बालश्रम निवारणको विषय समावेश भएको हुनु पर्नेछ ।

(३) खडक नगरपालिकामा बालश्रम निवारण सम्बन्धि देहाय बमोजिमको कार्यक्रम अनिवार्य संचालन गरेको हुनु पर्नेछ ।

क) बालश्रम निवारण सम्बन्धि चेतनामुलक र मनोपरामर्श सम्बन्धि कार्यक्रमहरु,

ख) बालश्रमिक सम्बद्ध परिवारका लागि वैकल्पीक आय आर्जनका कार्यक्रम,

ग) पढाई नियमित नभएका (१४ देखि १८ वर्ष सम्मका) बालबालिकाका लागि सिपमुलक कार्यक्रम,

घ) बालश्रम विरुद्ध सक्रिय संघ संस्था तथा व्यवसायीलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रम,

ङ) सामाजिक सुरक्षा सम्बन्धि कार्यक्रम,

च) बालश्रम सम्बन्धमा निरन्तर अनुगमन तथा बालश्रममा रहेका वा बालश्रममा पर्न सक्ने जोखिममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना तथा सम्बन्धि कार्यक्रम,

छ) बालश्रमिकको शैक्षिक विकास कार्यक्रम,

ज) बालश्रम हुन सक्ने स्थानहरुवाट बालश्रम नगराउने प्रतिवद्धता गराउने ।

(४) बालश्रम निवारण सम्बन्धि उपनियम (३) बमोजिमको कार्यक्रम संचालन गर्न नगरपालिका तथा वडाले आवश्यक बजेट विनियोजन गरेको हुनुपर्नेछ ।

(५) संस्थागत व्यवस्था :

क) बालबालिकाको क्षेत्र हेर्ने स्थानीय बालअधिकार समिति, नगर बाल संजाल र कर्मचारीको रुपमा बाल कल्याण अधिकारी एवं बालमैत्री सम्पर्क व्यक्ति तथा बाल हेल्पडेक्सको स्थापना गरि १ जना कर्मचारीको व्यवस्था भएको,

ख) वडा स्तरीय बाल अधिकार समिति, बाल समुह/संजाल गठन भई कियाशिल भएको र १ जना सम्पर्क व्यक्तिको व्यवस्था भएको,

ग) बालमैत्री स्थानीय शासन समिति (नगर तथा वडामा) गठन भएको,

घ) बालकोषको स्थापना र संचालन भएको,

ङ) बालश्रम अनुगमन तथा कारवाहीको लागि संयन्त्र भएको,

च) उद्धार गरिएका बालबालिकाहरु व्यवस्था भएको ।

CamScanner

(६) शिक्षाको अवस्था :

क) विद्यालय जाने उमेरका वालवालिकाको विद्यालय भर्नादर कम्तीमा ९५ प्रतिशत भएको,

ख) विद्यालय छाड्ने दर घटदो हुनु पर्ने,

ग) विद्यालयमा वालवालिकाको नियमित शिक्षाका लागि विद्यालय तथा समुदाय स्तरमा अभिभावक शिक्षा (Parenting Education) कार्यक्रम संचालन भएको ।

(७) सहयोग, समन्वय तथा सहकार्यको व्यवस्था :

क) खडक नगरपालिकाको सरोकारवाला निकाय, विद्यालय, रोजगारदाता, ठेंकेदार, श्रमिक संगठन, नागरिक समाज, गरै सरकारी संघसंस्था तथा समुदायमा आधारित संघसंस्थाहरु आदि सँग समन्वय गरी वालश्रम निवारणका लागि समन्वय तथा सहकार्य हुनुपर्ने ।

ख) खडक नगरपालिकाले वालश्रम निवारणका लागि प्रदेश र संघको सम्वन्धित मन्त्रालयहरुमा सुचना आदान प्रदान, कार्यक्रम संचालन आवश्यक श्रोत सम्वन्धमा सहकार्य हुनुपर्ने ।

ग) स्थानीय वालअधिकार समितिको वालश्रम निवारण सम्वन्धि ठोस योजना तथा कार्यान्वयन गर्न सहकार्य भएको ।

परिच्छेद - ४

वालश्रमको सर्वेक्षण

(१) अनुसुचि १ वमोजिमको सर्वेक्षण नगरपालिका आफैले वा साझेदारी निकायको सहायतामा गर्न सकिने छ ।

(२) नगरपालिकाले सर्वेक्षण तथा अन्य आवश्यक विषयमा प्रदेश एवं संघिय सरकारसँग समन्वय गर्ने ।

(८) **प्रस्ताव** : वालश्रम मुक्त नगरपालिका घोषणा कार्यक्रम संचालनको लागि सर्वेक्षण अनुसारको विवरण अनुसुचिं २ वमोजिम सम्वन्धित मन्त्रालयमा प्रस्ताव गर्नुपर्ने र मन्त्रालय वाट मुल्यांकन भई सो प्रस्ताव स्वीकृत भएको हुनु पर्नेछ ।

(९) **प्रस्ताव मुल्यांकनको आधार** : मन्त्रालयले वालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को दफा ८ वमोजिम प्रस्ताव मुल्यांकन अनुसुचि २ मा उल्लेखित कियाकलापको समेटेर देहायको आधार अनुसार प्रस्ताव गर्ने ।

क) नगरपालिकावाट वालश्रम न्यूनिकरणमा छुट्याइएको वजेट ।

ख) वालश्रम न्यूनिकरणमा नगरपालिकाले गरेको कामको विवरण

ग) वालश्रम न्यूनिकरणका लागि कोषको अवस्था ।

परिच्छेद - ५

श्रोतको व्यवस्थापन

(१०) वालश्रम मुक्त कार्यक्रम संचालन एवं श्रमिक वालवालिकालाई निरन्तर शिक्षा तथा संरक्षणका लागि वार्षिक रुपमा आवश्यक रकम विनियोजन गरिनेछ र सोही रकम र प्राप्त अन्य रकम एवं गैर सरकारी

CamScanner

संघ संस्था समेतको सहकार्यमा कानुनको परिधी भित्र रही आवश्यक योजना अनुरुप बालश्रम न्यूनिकरणका लागि सचेतना मुलक लगायतका कार्यक्रममा खर्च गर्न सकिने छ ।

परिच्छेद - ६

अनुगमन तथा मुल्यांकन

(११) नगरपालिकामा तपसिल बमोजिमको ११ सदस्य बालश्रम न्यूनिकरण सम्वन्धि समन्वय तथा अनुगमन समिति गठन गरिने छ ।

१) नगर उपप्रमुख	:	सयोजक
२) सामाजिक विकास समिति संयोजक	:	सदस्य
३) आर्थिक विकास समिति संयोजक	:	सदस्य
४) प्रशासकीय अधिकृत	:	सदस्य
५) प्रहरी प्रतिनिधि	:	सदस्य
६) बालश्रमको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको प्रतिनिधि	:	सदस्य
७) नगर बाल संजालको बालिका सहित २ जना प्रतिनिधि	:	सदस्य
८) किशोर किशोरी समुहका १ बालक र १ बालिका सहित २ जना	:	सदस्य
९) बाल कल्याण अधिकारी वा बालमैत्री सम्पर्क व्यक्ति	:	सदस्य सचिव

समितिको बैठक तथा अनुगमन खर्च नगरपालिकाले तोक अनुसार हुनेछ ।

(१२) समितिको काम, कर्तव्य र अधिकार :

(क) बालश्रम न्यूनिकरण सम्वन्धि योजना निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्ने,

(ख) तथ्यांक संकलन तथा व्यवस्थापन गर्ने,

(ग) बालश्रमको अनुगमन गर्ने,

(घ) सरोकारवालाहरुको समन्वयमा बालश्रम न्यूनिकरण सम्वन्धि कार्यक्रमहरु संचालन गर्ने र गर्न लगाउने,

(ङ) श्रमिक बालबालिकालाई संरक्षणका लागि अभिभावकलाई रोजगार संग जोडने व्यवस्था मिलाउने,

(च) श्रमिक बालबालिकालाई शिक्षा संग जोडने,

(छ) कार्यक्रमलाई प्रदेश तथा संघिय सरकार एवं सरोकारवाला संघ संस्थाहरु संग समन्वय गर्ने,

(ज) बालश्रम मुक्त वडा, नगर घोषणा गर्न आवश्यक कार्यहरु गर्ने,

(झ) बालश्रम मुक्त नगरपालिकाको निरन्तर टिकाई राख्न नगर कार्यपालिका संग समन्वय सहकार्य एवं आवश्यक वजेटका लागि आवश्यक पहल गर्ने,

(ञ) वडा स्तरीय बालबालिकासंग सम्वन्धित संरचनालाई कियाशिल बनाई राख्न निर्देशन दिने ।

CamScanner

परिच्छेद - ७

घोषणा प्रकिया

(१३) स्थानीय तहको वडा समितिले परिच्छेद ३ बमोजिमको सुचकहरु पुरा गरी वडा स्तरीय बाल अधिकार समिति एवं वडा बाल संजालले बालश्रम मुक्त वडा घोषणाको निर्णय सहित सिफारिस गर्नु पर्नेछ ।

(१४) निर्णय र सिफारिस सहितको निवेदन वडा बाट प्राप्त भए पश्चात स्थानीय बालश्रम न्यूनिकरण समन्वय तथा अनुगमन समितिले अनुगमन गर्ने छ ।

(१५) अनुगमन समितिले अनुगमन गरी नगर प्रमुख समक्ष अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(१६) स्थानीय अनुगमन समितिको प्रतिवेदनको आधारमा कार्यपालिका बैठकबाट बालश्रम मुक्त वडा वा नगर घोषणा गर्न स्वीकृती दिनेछ ।

(१७) सोही प्रकियाबाट नगरको सबै वडा बालश्रम मुक्त घोषणा भई सके पछि परिच्छेद ३ मा उल्लेखित सुचकको आधारमा कार्यपालिकाको प्रस्तावमा नगर सभाले बालश्रम मुक्त स्थानीय तह घोषणा गर्नेछ ।

(१८) बालश्रम मुक्त नगरपालिकालाई निरन्तर टिकाई राख्न र निरन्तर कार्यान्वनका लागि घोषणा पश्चातको रणनीतिक योजना र बालकोषमा रकम थप गर्दै निरन्तर कार्यान्वयन गर्नु पर्नेछ ।

परिच्छेद - ८

विविध

(१९) कार्यविधि संसोधन सम्वन्धि व्यवस्था : कार्यविधि परिमार्जका लागि आवश्यक परेमा नगर कार्यपालिका एवं नगर सभाले संसोधन गरी थपघट गर्न सकिनेछ ।

CamScanner

अनुसुची १

(दफा ५ को उपदाफा (१) को खण्ड (ख) सँग सम्वन्धित)

बालश्रम मुक्त स्थानीय तहका लागि घरधुरी सर्वेक्षण

स्थानीय तहको नाम : .....

१. जानकारी

क) वडा नं. .....

ख) घर नं. .....

ग) परिवार सदस्य संख्या .....

घ) ५ देखि १८ वर्ष सम्मका वालवालिकाको संख्या .....

२. पारिवारिक जानकारी

क) पारिवारिक विवरण

सि.नं.	परिवारको सदस्यको नाम	घरधुरीसँगको नाता	लिङ्ग	उमेर	वैवाहिक स्थिति
१.					
२.					
३.					
४.					
५.					

CamScanner

ख) ५ वर्ष भन्दा माथिका पारिवारिक सदस्यको शिक्षाको अवस्था

	१	२	३	४	५
प्रश्न	कुनै भाषामा पढ्न र लेख्न सक्नुहुन्छ ? १. सक्छु २. सक्दिन	यस वर्ष कुनै विद्यालय वा प्रारम्भिक विद्यालय जानुभएको छ ? १. छु २. छैन	कहिले विद्यालय जानु भएको छ ? १. छु २. छैन	विद्यालय नजानुको कारण ?	कति कक्षासम्म पढ्नु भएको छ ? १. छु २. छैन
१					
२					
३					
४					
५					

CamScanner

ग) आर्थिक अवस्था

	६	७	८	९	१०		११
प्रश्न	एक हप्ता भित्र कम्तिमा १ घण्टा कुनै रोजगार वा काममा संलग्न हुनुहुन्थ्यो ?	एक हप्ता भित्र कुनै निम्न लिखित काम वा व्यवसायमा संलग्न हुनुहुन्थ्यो ? १.व्यवसायमा तलव/ज्याला आउने काममा २. तलव/ज्याला आउने घरेलु काममा ३. तलव/ज्याला नलिई घरेलु काममा सहयोग ४. आफ्नै घरको प्लट वा फार्ममा सहयोग ५. आफ्नै घर, प्लट वा व्यवसायको निर्माण वा मर्मत सम्भार सम्वन्धि कार्य	एक हप्ता भित्र कुनै काम वा व्यवसायमा संलगन नभएतापनि कुनै काम वा व्यवसायमा फर्कन चाहनुहुन्छ ?	कस्तो प्रकारको काम वा व्यवसायमा संलग्न हुनुहुन्थ्यो ? १. रोजगारदाता २. श्रमिक ३. स्वरोजगार ४. पारिवारिक काम ५. अन्य	मुख्य कामवाट मासिक पारिश्रमिक		अन्य सुविधा सन्चयकोप विमा बिरामी विदा
					आधारभुत पारिश्रमिक	महंगी भत्ता	
१.							
२.							
३.							
४.							
५.							
६.							

CamScanner

	१२	१३	१४	१५		१६		१७	
प्रश्न	एक हप्ता भित्र मुख्य पेशा वा व्यवसाय वाहेक अन्य कुनै काम गर्नुभयो ? १. गरे २. गरिन	गएको हप्ताको प्रत्येक दिनहरुमा जम्मा कति घण्टा काम गर्नुभयो ?	पहिलो पटक कति वर्षको हुदाँ काम वा व्यवसाय सुरुवात गर्नुभयो ?	बेरोजगारी सम्वन्धि प्रश्न		घरायसी कार्य (बालबालिका ५ देखि १७ वर्षलाई मात्र)		काम गर्ने बालक/बालिकाको बारेमा अभिभावक वा संरक्षकको धारणा वा बुझाइ	
				गएको हप्ता कुनै कामको खोजीमा हुनुहुन्थ्यो ? १. थिए २. थिइन	कति समयदेखि कामको खोजीमा हुनुहुन्छ ?	बितेको हप्ता मध्ये कुनै घरायसी कार्य गर्नुभयो ? १. गरे २. गरिन	बितेको हप्ता कति घण्टा घरायसी कामका संलग्न हुनुभयो ?	बालक / बालिकाले कामबाट समस्या भोगेको छ ? १. छ २. छैन	बालक / बालिकालाई काम गर्न दिनु वा काममा लगाउनुको मुख्य कारण के हो ?
१									
२									
३									
४									
५									
६									

घरायसी कार्य : किनमेल, घरायसी सामान मर्मत, खाना पकाउने, भाडा वर्तन माइने, लुगा धुने, बालबालिका, बिरामी तथा वृद्ध वृद्धाको हेरचार सम्वन्धि कार्य, अन्य घरायसी कार्य

CamScanner

घ) घरायसी र घरधुरी विवरण

१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७
तपाईको घर कस्तो प्रकारको घर हो ? १.अपार्टमेन्ट / फ्ल्याट २. निजी घर ३. निजी घरको भाग ४. मोवाइल घर टेन्ट / क्यारामान ५. वस्ने उदेश्यका लागि नवनाइएको आश्रय स्थल ६. झुपडी ७. अन्य	घरको स्वामित्व ? १. परिवारको सदस्यको नाममा भएको २. साझा घर ३.निशुल्क रुपमा बनाएको ४.रोजगारदाताको ५. भाडामा ६. अन्य	उर्जाको मुख्य श्रोत ? १.दाउरा २.कोइला ३.मट्टीतेल ४.ग्यास ५.विद्युत ६.सौर्य उर्जा ७. अन्य	खानेपानीको मुख्य श्रोत ? १.घरभित्रै पाइपवाट २.घरवाहिर पाइपवाट ३.टयाङ्कर ४.नदी / खोला ५.इनार / टयुव वेल ६. कुवा ७. पोखरी ८. आकाशे पानी	तपाईको परिवारको सदस्यको कसैको नाममा जग्गा छ ? १. छ २. छैन	तपाईको परिवारको नाममा भएको जग्गाको क्षेत्रफल कति छ ?	परिवारको कुनै बच्चालाई परिवारको कसैको नाममा भएको ऋण तिर्नको लागि विद्यालय छोड्न लगाउनु भएको छ ? या लगाउदै हुनुहुन्छ	तपाईको परिवारको मासिक औपत खर्च कति रहेको छ ?	तपाईको परिवारको आम्दानीको मुख्य श्रोत के हो ?	तपाईको परिवारको मासिक औपत आम्दानी कति रहेको छ ?

CamScanner

ङ ५-१७ वर्षका प्रत्येक बालबालिकालाई सोध्ने प्रश्न

	२८	२९	३०	३१	३२	३३	३४
प्रश्न	के तपाई जुन कुनै भाषामा पढ्न लेख्न सक्नुहुन्छ ? १. सक्छु २. सक्दिन	के तपाई यो वर्षमा विद्यालय वा पूर्व प्राथमिक विद्यालय जानुभएको छ ?	तपाईको अध्ययनको तह कुन हो ? १. पूर्वा प्राथमिक २.प्राथमिक ३.माध्यामिक ४.उच्च माध्यामिक	तपाईले प्राथमिक कक्षा कति वर्षको उमेरमा सुरु गर्नुभयो ?	गएको हप्तामा तपाईले कुनै दिन विद्यालय छोड्नुभएको छ ? १. छ २. छैन	छोड्नुभएको हो भने विद्यालय छोड्नुको कारण के थियो ? १. विद्यालय विदा भएर २. शिक्षक अनुपस्थित भएर ३. खराब मौसमको कारण ४. पारिवारिक व्यवसायलाई सहयोग गर्न परेर ५. घरमा घरायसी काममा सहयोग गर्न परेर ६. पारिवारिक व्यवसायका कारण घर बाहिर काम गर्न परेर ७.विरामी वा अशक्तताका कारण ८. अन्य	कहिल्यै विद्यालय जानुभएको छैन भने नजानुको कारण के हो ? १. कम उमेर भएर, २. अशक्त/विरामी भएर, ३. विद्यालय छैन/टाढा भएर ४. विद्यालय शुल्क तिर्न नसकेर ५. परिवारले पढ्न अवरोध गरेर, ६. विद्यालयमा रुचि नभएर, ७. शिक्षलाई महत्वपूर्ण नठानेर, ८. विद्यालय सुरक्षित नभएर, ९. काम सिक्न परेर १०. पैसाको लागि काम गर्न परेर, ११. पारिवारिक व्यवसायमा ज्याला नलिने कामदारको रुपमा काम गर्न परेर, १२ घरायसी काममा सहयोग गर्न परेर, १३. अन्य
१.							
२.							
३.							
४.							
५.							
६.							

CamScanner

५-१७ वर्षका प्रत्येक बालबालिकालाई सोध्ने प्रश्न

३५	३६	३७	३८	३९
तपाईले विद्यालय बाहिर कहिल्यै व्यवसायिक तालिम लिनुभएको छ ?	सो तालिमको प्रमाणपत्र प्राप्त गर्नुभएको छ ?	कुन विषयमा तालिम लिनुभएको थियो?	एक हप्ता भित्र कुनै काममा कम्तिमा १ घण्टा संलग्न हुनुहुन्थ्यो ?	यी मध्ये कुनै काम गत हप्ता १ घण्टा गर्नुभएको थियो ? क) कुनै व्यवसाय संचालन आफै वा सहकार्यमा ख) पारिश्रमिक या तलब या पैसाको लागि कुनै काम ग) घरेलु बालश्रम घ) घरायसी व्यवसायलाई सघाउने काम ङ) आफ्नै घरको लागि कुनै कृषि, खाद्य, पशुपालन रेखदेख जस्ता काम च) निर्माण र मर्मत सम्बन्धि आफ्नै घरमा काम छ) घरको खानाका लागि माछा समात्ने काम ज) पानी लिन जाने झ) घाँस दाउरा लिन जाने ञ) घरायसी प्रयोगको लागि कुनै वस्तु उत्पादन ट) अन्य कुनै काम ..... वा व्यवसाय .....

CamScanner

१४-१७ वर्षका प्रत्येक बालबालिकालाई सोध्ने प्रश्न

४०	४१	४२	४३	४४	४५	४६	४७	४८	४९
गत हप्तामा मुख्य काम बाहेक अन्य कुनै काम गर्नुभएको थियो ?	गत हप्ता कति समय काम गर्नुभएको थियो ?	गत हप्ताको कुनै दिन बढिमा कति समय काम गर्नुभएको थियो ?	मुख्य काम कहाँ गर्नुहुन्थ्यो ?	मुख्य कामका लागि तपाई के हुनुहुन्थ्यो ? क)रोजगारदात ख) आफ्नै खाता भई काम गर्ने ग) श्रमिक घ) पारिवारिक काम	बेलुकी ६ बजे देखि बिहान ६ बजेसम्म काम गर्नुभयो ?	चिकित्सकबाट योग्यताको प्रमाणपत्र लिनु भएको थियो ?	पारिश्रमिक भुक्तानीको तरिका ? क) पिस रेट ख) घण्टा ग) दैनिक घ) हप्ता ङ) मासिक च)कार्यगत ६. अन्य	मुख्य काममा सरदर मासिक पारिश्रमिक ?	सन्चय कोष, उपदान लगायत अन्य विदाहरु पाउनुभएको छ ?

CamScanner

च) व्यवसायजन्य सुरक्षा र स्वास्थ्य (१४-१७ वर्षका प्रत्येक बालबालिकालाई सोध्ने प्रश्न)

५०	५१	५२	५३	५४	५५
जोखिमपूर्ण व्यवसाय वा काममा संलग्न हुनुहुन्थ्यो ?	काममा कुनै घाउ चोटपटक लागेको थियो ?	कुनै भारी वस्तु उठाउनु परेको थियो ?	कुनै मेसिन औजार चलाउनु परेको थियो ?	निम्न कार्य वातावरणमा काम गर्नुपरेको थियो ? क) धूवाँ धुलो ख) आगो, ग्यास र ताप ग) ठूलो आवाज घ) खतरानक औजार ङ) जमिनमुनी च) उचाईमा छ) पानी पोखरी तलाउमा ज) अधेरो र सानो कोचिएको ठाँउमा झ) भेन्टिलेसन प्रयास नभएको ठाँयमा ञ) केमिकल भएको ठाँउ ट) विष्पोटक पदार्थ भएको ठाँउ ठ) अन्य	

CamScanner

अनुसुची २
(दफा ८ सँग सम्बन्धित)

बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम संचालनका लागि प्रस्ताव

स्थानीय तहको नाम :
स्थानीय तहको ठेगाना :

बालश्रम निवारण सम्वद्ध कार्यक्रमका लागि विनियोजन भएको बजेट :

क.स.	क्रियाकलाप (कार्यविधिको सूचक..... सँग सम्बन्धित)	भएको/नभएको	नभएको भए			
			सम्पन्न गर्न लाग्ने समयावधि	अनुमानित लागत	सहयोगी निकाय	
१.	सबै बालबालिकाको जन्मदर्ता (१ क)					
२.	सरोकारवालाको सूचीकरण र नक्साङ्कन (१ ग)					
३.	बालश्रम हुनसक्ने क्षेत्र बाट बालश्रम प्रयोग नगर्ने प्रतिवद्धता पत्र (१ घ)					
४.	बालश्रम निवारणको छुट्टै नीति (२)					
५.	बालश्रम निवारण सम्बन्धि चेतनामूलक र मनोपरामर्श कार्यक्रम (३ क)					
६	बालश्रमिक सम्वद्ध परिवारका लागि वैकल्पिक आय आर्जनका कार्यक्रम (३ ख)					
७.	बालश्रमिकका लागि सीपमूलक कार्यक्रम (३ ग)					
८.	सक्रिय संघ संस्था तथा व्यवसायीलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम (३ घ)					
९.	सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रम (३ ङ)					

CamScanner

१०	उद्धार, पुनर्स्थापना पुनर्मिलन सम्बन्धी कार्यक्रम (३ च)					
११	शैक्षिक विकास समवन्धी कार्यक्रम (३ छ)					
१२.	वालश्रम निवारण सम्बन्धी कार्यक्रम संचालनका लागि बजेट विनियोजन (४)					
१३.	वालवालिकाको क्षेत्र हेर्ने गरी कर्मचारी वा शाखाको व्यवस्था (५ क)					
१४.	वालक्लव र अन्य संजालको विकास (५ ख)					
१५.	वालअधिकार समितिको व्यवस्था (५ ग)					
१६.	वालश्रमको अवस्था अनुगमन तथा कार्यवाहीका लागि संयन्त्र (५ ङ)					
१७.	वालकल्याण गृह वा अन्य कुनै हेरचार गर्ने संस्थाको व्यवस्था (५ च)					
१८.	विद्यालय भर्ना दर ९५ प्रतिशत भएको नभएको (६ क)					
१९.	विद्यालय छोड्ने दर घट्दो भएको नभएको (६ ख)					
२०.	सहयोग समन्वय र सहकार्यको अवस्था भएको नभएको (७)					
वालश्रम मुक्त हुन लाग्ने जम्मा समयावधि : ..... वालश्रम मुक्त स्थानीय तह घोषणाका लागि लाग्ने जम्मा वजेट :						

स्वीकृत मिति:२०८१/०४/२१

आज्ञाले

.....

दिपेश कुमार झा

प्रमुख प्रशासकीय अधिकृत

CamScanner